नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

इजरायलको दीर्घकालिन स्याहार केन्द्रमा नेपालबाट लैजान लागिएको सहायक कामदारहरुको छनौट प्रक्रियामा पेश गरिएका कागजातको सम्बन्धमा पत्रपत्रिकामा आएको समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यनाकर्षण भएको छ। नेपाल र इजरायलबीच भएको द्विपक्षीय G to G सम्झौतालाई कार्यान्वयन गर्न यस मन्त्रालय सदैव तयार रहेको साथै G to G प्रक्रियाबाट हुने छनौट प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन यस मन्त्रालय प्रतिबद्ध रहेको छ। यसै सन्दर्भमा छनौट प्रक्रियामा पेश भएका कागजातहरुको आधिकारिकताको जाँच गर्नुका साथै समग्र छनौट प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउन यस मन्त्रालयका उपसचिव श्री मेघनाथ रिमालको संयोजकत्वमा ५ (पाँच) सदस्यीय छानविन समिति गठन गरिएको व्यहोरा सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ।

गोविन्द प्रसाद रिजाल
सहसचिव/प्रवक्ता

मिति २०८१/०४/२५

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np